# <u>सूचना ! सूचना !! सूचना !!!</u>

International Civil Aviation Organization (ICAO) को बाध्यकारी प्रावधान बमोजिम सन् २०१५ को नोभेम्बर २४ अगावै विदेशमा रहेका सबै नेपाली हस्तलिखित राहदानी वाहकहरुले मेशिन रिडेवल राहदानी (MRP) लिई सकेको हुनु पर्छ । उल्लिखित मिति पश्चातको हस्तलिखित राहदानीको प्रयोग गरी विदेशमा वसेका नेपाली नागरिकहरुको बसाई अवैधानिक हुने एवम विविध कानूनी तथा प्राविधिक कठीनाई भोग्नु पर्ने हुन सक्छ । अतस् पश्चिम वंगालमा विभिन्न पेशा, व्यवसाय, अध्ययन तथा अन्य प्रयोजनका लागि विभिन्न संस्थाहरुमा आवद्ध रहनु भएका हस्तलिखित राहदानी वाहक नेपाली नागरिकहरुलाई नोभेम्बर २०१५ अगावै आफूसंग रहेको हस्तलिखित राहदानीलाई MRP ले प्रतिस्थापन गर्न अनुरोध गर्दछौं । यस नियोग मार्फत MRP प्राप्त गर्न चाहनुहुने महानुभावहरुले यस नियोगमा त्रुटिरहित ढंगले भरिएको MRP फाराम तथा आवश्यक कागजात सहित आवेदन दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । उल्लिखित समय भन्दा अगावै शिघ्रातिशिघ्र MRP उपलब्ध गराउने कटिवद्धताका साथ यस महावाणिज्यदूतावासमा MRP फाराम संकलनका लागि छुटै डेक्स स्थापना गरिएको र सो डेक्सबाट यस सम्बन्धित सबै सेवा उपलब्ध गराईने व्यहोरा समेत जानकारी गराउन चाहन्छौ ।

MRP का लागि आवेदन गर्दा संलग्न गर्नु पर्ने कागजात

- त्रुटि रहित ढंगले भरिएको MRP फाराम दुई (२) प्रति
- नेपाली नागरिकता तथा पासपोर्टको सक्कल र छायाप्रति
- फोटो (पछिल्लो ६ महिना भित्र खिचेको रंगिन, अनुहारले ७० देखि ८० प्रतिशतसम्म फोटो ढाकेको, प्रष्ट, उच्च गुणस्तर र Resolution को, 35*45 mm, white background, borderless चार (४) प्रति

MRP सम्बन्धि विस्तृत जानकारी र फाराम Download का लागि राहदानी विभागको औपचारिक वेभसाइट www.dopmofa.gov.np हेर्न सकिनेछ.

नेपाली महावाणिज्य दूतावास
१ नेशनल लाईब्रेरी एभेन्यु
कोलकाता ७०० ०२७
29 December 2014